त्रिभुवन विश्वविद्यालय

# शिक्षण अस्पताल, महाराजगञ्ज

(कर्मचारी प्रशासन शाखा)

## पदपूर्ति सम्बन्धी सूचना ।

(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०५।०५)

यस अस्पतालका लागि आवश्यक चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वयन समितिको स्वीकृत अस्थायी दरबन्दीमा विभिन्न प्राविधिक पदहरू करार सेवामा पूर्ति गर्न मिति २०८२।०२।२७ र २०८२।४।१४ गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार तोकिएका पदहरूमा अति न्यून सङ्ख्यामा आवेदन पर्न आएकोले तपसिल बमोजिमका पदहरूमा सम्बन्धित विषयमा आवश्यक योग्यता पुगेका २१ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८२ साल भदौ ११ गते कार्यालय समय ५ बजेभित्र त्रि.वि. शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं. ००२००५५३६५००१८ मा परीक्षा दस्तुर रु. २,५००।- (दुई हजार पाँच सय) जम्मा गरेको सक्कल भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुनेछैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ। साथै पूर्व प्रकाशित सूचना अनुसार आवेदन फाराम भर्नुहुने आवेदकहरूले पुनः फाराम भर्न आवश्यक नभएको र यसै विज्ञापनको परीक्षामा सामेल गराइने व्यहोरा जानकारी गराइन्छ।

### तपसिल

| सि.नं. | पद | योग्यता | सङ्ख्या |
|---|---|---|---|
| १ | कानूनी सल्लाहकार (शाखा अधिकृत वा सो सरह) | कानून विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल बार काउन्सिलको लाइसेन्स प्राप्त गरेको | १ (एक) |
| २ | प्राविधिक अधिकृत (क्लिनिकल इम्ब्रायोलोजिस्ट) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Clinical Embryology विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा विशेषज्ञको रूपमा दर्ता भएको वा चिकित्सा सम्बन्धी विषयमा स्नातक/स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भई Embryology विषयमा कम्तीमा १ वर्षको Fellowship गरेको वा सो मापदण्ड लागू हुनुपूर्व चिकित्सा विज्ञान विषयमा स्नातक/स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भई Embryology विषयमा तालिम लिई सुपरभिजनमा कम्तीमा ५० वटाभन्दा बढी IVF cycle/१५० Embryo हेन्डलिङ गरेको र नेपाल सरकारबाट मान्यता प्राप्त IVF सेन्टरको Embryology प्रयोगशालामा निरन्तर काम गरिरहेको<br>नोट : अनलाइनका माध्यमबाट गरेको अध्ययन, तालिम तथा फेलोसिपलाई मान्यता दिइनेछैन। | १ (एक) |
| ३ | क्लिनिकल एडमिनिस्ट्रेटर (शाखा अधिकृत वा सो सरह) | एम.बी.बी.एस. उत्तीर्ण गरी एम.एच.सी.एम. वा मास्टर अफ हेल्थ एडमिनिस्ट्रेसन वा एम.डी.इन हस्पिटल एडमिनिस्ट्रेसन उत्तीर्ण गरेको। | १ (एक) |
| ४ | प्राविधिक अधिकृत (फुड एन्ड न्युट्रिसन) | एम.एस्सी. इन मेडिकल न्युट्रिसन थेरापी। | १ (एक) |
| ५ | प्राविधिक अधिकृत (बायोमेडिकल) | बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको। | १ (एक) |
| ६ | प्राविधिक अधिकृत (फिजियोथेरापी) | फिजियोथेरापी विषयमा स्नातक तह उत्तीर्ण। | २ (दुई) |

**आवेदन फारामसँग संलग्न हुनुपर्ने कागजातहरू:**

१. एस.एल.सी.लगायत सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र/लाइसेन्सको प्रतिलिपि।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाणपत्रको प्रतिलिपि।
५. प्राविधिक अधिकृत (क्लिनिकल इम्ब्रायोलोजिस्ट) पदको यस अघिको आवेदन फाराम रद्द गरिएको छ।
६. पासपोर्ट साइजको फोटो २ प्रति।

सम्पर्क मिति : २०८२।०५।१५ गते।
परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ वा www.tuth.org.np मा प्रकाशित गरिनेछ।

अस्पताल प्रशासन

# त्रिभुवन विश्वविद्यालय
# शिक्षण अस्पताल, महाराजगञ्ज
(कर्मचारी प्रशासन शाखा)

## पदपूर्ति सम्बन्धी सूचना ।

(गोरखापत्रमा प्रकाशित मिति : २०८२।०५।०५)

यस अस्पतालका लागि आवश्यक चिकित्सा शास्त्र अध्ययन संस्थान कार्यान्वयन समितिको स्वीकृत अस्थायी दरबन्दीमा तपसिल बमोजिमका पदहरू करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित विषयमा आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले तोकिएको मिति अनुसार कार्यालय समय ५ बजेभित्र त्रि.वि. शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं. ००२००५५३६५००१८ मा परीक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारवाही हुनेछैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| सि.नं. | पद | विभाग/शाखा | योग्यता | सङ्ख्या |
|---|---|---|---|---|
| १ | क्लिनिकल रजिस्ट्रार | सर्जिकल ग्यास्ट्रोइन्टेरोलोजी | जनरल सर्जरी विषयमा एम एस वा सो सरह उत्तीर्ण | १ (एक) |
| २ | क्लिनिकल रजिस्ट्रार | न्युरोसर्जरी | जनरल सर्जरी विषयमा एम एस वा सो सरह उत्तीर्ण | १ (एक) |
| ३ | क्लिनिकल रजिस्ट्रार | रेडियोलोजी | रेडियोलोजी विषयमा एमडी वा सो सरह उत्तीर्ण | १ (एक) |
| ४ | मुख्य प्राविधिक सहायक (हेल्थ असिस्टेन्ट) | आवश्यकता अनुसार | जनरल मेडिसिन विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र प्राप्त गरेको | ५ (पाँच) |

**आवेदन फारामसँग संलग्न हुनुपर्ने कागजातहरू:**

१. एस.एल.सी. लगायत सोभन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र/लाइसेन्सको प्रतिलिपि।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता (Equivalence) निर्धारण गरिएको प्रमाणपत्रको प्रतिलिपि।
५. **आवेदन दस्तुर:** क्लिनिकल रजिस्ट्रारका लागि रु.२५००।- (दुई हजार पाँच सय) र मु.प्रा.स. (हेल्थ असिस्टेन्टका लागि रु. २,०००।- दुई हजार)।
६. **उमेरको हद:** क्लिनिकल रजिस्ट्रारका लागि २१ वर्ष पूरा भई ४५ ननाघेको र मु.प्रा.स. (हेल्थ असिस्टेन्ट) का लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको साथै महिलाको हकमा ४५ वर्ष ननाघेको।
७. **आवेदन फाराम बुझाउने अन्तिम मिति :** क्लिनिकल रजिस्ट्रारका लागि २०८२ भदौ ११ गतेसम्म र मु.प्रा.स. (हेल्थ असिस्टेन्ट)का लागि २०८२ भदौ १९ गतेसम्म।
८. पासपोर्ट साइजको फोटो २ प्रति।

सम्पर्क मिति :२०८२।०५।१५ गते क्लिनिकल रजिस्ट्रार।
२०८२।०५।२७ गते मु.प्रा.स. (हेल्थ असिस्टेन्ट)।

परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता (मु.प्रा.स. हेल्थ असिस्टेन्ट पदको अन्तर्वार्ता नहुने)।

परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ वा www.tuth.org.np मा प्रकाशित गरिनेछ।

अस्पताल प्रशासन